निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षणका लागि राष्ट्रिय संस्थाहरूलाई आह्वान गरिएको सूचना

(प्रकाशित मिति : २०७९।०५।०८)

आगामी २०७९ मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षण गर्न इच्छुक संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आयोगमा पर्यवेक्षण अनुमतिका लागि देहायका कागजातहरू सहित निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ को अनुसूची-२ बमोजिमको ढाँचामा निर्वाचन पर्यवेक्षण व्यवस्थापन प्रणाली (observer.election.gov.np) मा रहेको राष्ट्रिय संस्थाहरूलाई पर्यवेक्षण अनुमति दिने प्रक्रिया बमोजिम निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) संस्थाको विधानको प्रतिलिपि,
(ग) संस्था नवीकरण भएको निस्साको प्रतिलिपि,
(घ) संस्थाका कार्यसमितिका पदाधिकारीहरूको विवरण,
(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सोको प्रमाण,
(च) पर्यवेक्षण सम्बन्धमा संस्थाले तयार गरेको ब्रोसर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सोको प्रति,
(छ) पहिले निर्वाचन पर्यवेक्षण गरेको भए निर्वाचन पर्यवेक्षण प्रतिवेदन बुझाएको प्रमाण ।

**द्रष्टव्य** : निर्वाचन सम्बन्धी कसुर गरी वा निर्वाचन आचारसंहिता उल्लङ्घन गरी सजाय पाएको संस्था वा यसअघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेर पर्यवेक्षण नगरेका वा पर्यवेक्षण प्रतिवेदन पेस नगर्ने संस्थालाई निर्वाचन पर्यवेक्षण अनुमति दिइनेछैन ।